माध्यमिक विद्यालय शिक्षक युनियन, नेपाल
High School Teachers Union, Nepal

काठेखोला कार्यसमिति, बागलुङ
Kathekhola Working Committee, Baglung

पत्र संख्या **Letter No.:** गण्डकी प्रदेश **Gandaki Province**

चलानी नं. **Reference No.:** मिति **Date:**

श्री अध्यक्ष ज्यू,
काठेखोला गाउँपालिकाको कार्यालय,
काठेखोला गाउँपालिका-६, विँहु, बागलुङ ।

विषय : ज्ञापन पत्र सम्बन्धमा ।

उच्च माध्यमिक शिक्षा ऐन २०४६ अनुसार सम्बन्धन प्राप्त साविकको उ.मा.वि. तहमा कार्यरत शिक्षकहरुको पेशागत हक र हितका लागि सशक्त रुपमा कार्यरत नेपाल सामुदायिक उच्च माध्यमिक शिक्षक युनियन र माध्यमिक विद्यालय शिक्षक एसोसिएसन नेपाल बिच एकीकरण भएको छ । विगतमा गौरवपूर्ण ईतिहास बनाएका दुवै संगठनहरु कक्षा ११ र १२ मा कार्यरत शिक्ष्ँकहरुको हक र हितका लागि सरकारसँग वार्ता संवाद र आन्दोलनका कार्यक्रमहरु आ-आफ्नै तर्फबाट संचालन गर्दै आएतापनि एउटै तहमा कार्यरत समान उद्देश्य भएका शिक्षकहरु भिन्न भिन्न संगठनमा आवद्ध हुँदा शैक्षिक आन्दोलन कमजोर बन्दै गएकोले आन्दोलनलाई सशक्त एवम् परिणामुखी बनाउन दुवै संगठन एकीकरण भएका हुन् । एकीकरण पश्चात बनेको माध्यमिक विद्यालय शिक्षक युनियन, नेपाल मस्यौदाको चरणमा रहेको शिक्षा नीति २०७५ र शिक्षा ऐन २०२८ को नवौं संसोधन समेतबाट बहिष्कृत, राज्यबाट श्रमशोषित, समान अवसरबाट बन्चित श्रमजीवि शिक्षकहरुको, साझा पेशागत संगठन बनेको छ । यसले आम आन्दोलनरत शिक्षकहरुमा थप उर्जा थपेको छ । साथै नयाँ बनेको माध्यमिक विद्यालय शिक्षक युनियन नेपाल (HISTUN, Nepal) द्वारा पहिलो चरण अन्तर्गत आजैदेखि सुरु हुने आन्दोलन अनुसार स्थानीय तहलाई ज्ञापन पत्र पत्र दिने कार्यक्रम अन्तर्गत आजै माध्यमिक विद्यालय शिक्षक युनियन नेपालले काठेखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा ११ सुत्रीय मागहरु सहितको ज्ञापन पत्र बुझाइएको छ । जुन मागहरु देहाय बमोजिम छन् ।

१) साविकको सामुदायिक उच्च माध्यमिक तह कक्षा ११ र १२ को दरबन्दी/अनुदान कोटामा कार्यरत शिक्षकहरू बाहेकका सोही तहमा कार्यरत विशुद्ध निजी स्रोतमा कार्यरत शिक्षकहरूको व्यवस्थापन समेत हुने गरी तत्काल थप आवश्यक दरबन्दी स्वीकृत गरी माध्यमिक द्वितीय श्रेणीमा (विशेष) आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्नुपर्ने ।

२) साविकको सामुदायिक उच्च माध्यमिक तह ११ र १२ का लागि सरकारबाट प्राप्त २००० दरबन्दी र ४००० अनुदान कोटामा कार्यरत शिक्षकहरू र त्यस बाहेकका लामो समयदेखि कार्यरत शिक्षकहरूको व्यवस्थापन केन्द्र सरकारबाट व्यवस्थित गराई स्थानीय तहमा रुपान्तररित गर्नुपर्ने ।

३) साविकको उच्च माध्यमिक तह कक्षा ११ र १२ मा कार्यरत शिक्षकहरूलाई राज्यले माध्यमिक तह द्वितीय श्रेणी सरहको मान्यता र सोही बमोजिमको सेवासुविधा उपलब्ध गराउँदै आएको हुँदा शिक्षकहरूको मर्यादाक्रमलाई विद्यालयले तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने ।

४) सिनिएर श्रेणीको मातहतमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको आत्मसम्मान वृद्धि र विद्यालयको व्यवस्थापकीय पक्षतथा शैक्षिकगुणस्तर सबल बनाउन प्रधानाध्यापक नियुक्ति प्रक्रियामा सिनियर श्रेणी र क्षमताका आधारमा साविक सामुदायिक उच्च माध्यमिक तह कक्षा ११ र १२ को दरबन्दी/अनुदान कोटामा कार्यरत शिक्षकहरूलाई प्राथमिकता दिई अनावश्यक राजनीतिलाई निरुत्साहित गरी सामुदायिक विद्यालयलाई सक्षम र गुणस्तरीय जनशक्ति निर्माणको मूल केन्द्र बनाउनुपर्ने ।

५) विश्व परिवेश सुहाउँदो सक्षम र गुणस्तरीय जनशक्ति उत्पादनमा सघाउ पुग्ने गरी शिक्षा क्षेत्रसँग सम्बन्धित संविधान, ऐन, नीति,कानुन, निर्देशिका तथा अन्य आदिमा देखिएका कमीकमजोरी तथा त्रुटि हटाउन सम्बद्धनिकायहरू, विज्ञहरू र सरोकारवाला हरूबीच बहस, छलफल र अन्तरक्रिया चलाई प्रक्रियागतरुपमा आवश्यक संशोधनमा जान ढिला गर्न नहुने । जस्तैः कक्षा ९ देखि १२ सम्मको शिक्षा संघ र प्रदेश सरकारको मातहतमा हुनु पर्ने ।

६) विद्यालयमा कार्यरत शिक्षकहरूबीच स्थायी वा अस्थायीका नाममा कुनै भेदभाव नगरी सावित उच्च माध्यमिक तह कक्षा ११ र १२ दरबन्दी/अनुदान कोटामा कार्यरत शिक्षकहरू, अस्थायी शिक्षकहरू, राहत शिक्षकहरूको पनि सरुवा तथा दरबन्दी मिलानको व्यवस्था हुनुपर्ने ।

७) सावित सामुदायिक उच्च माध्यमिक तह कक्षा ११ र १२ मा रिक्त हुन आएको दरबन्दी/अनुदान कोटामा विस्थापित हुन पुगेका तथा विद्यालयको आवश्यकता अनुसार लामो समयदेखि विद्यालयको निजीस्रोतमा कार्यरत शिक्षकलाई ज्येष्ठता र विषयगत प्राथमिकताका आधारमा शिक्षक नियुक्त गर्नु पर्ने ।

८) स्थानिय, प्रदेश तथा संघीय सरकारलाई निजी तथा संस्थागत उ.मा.वि.हरूमा अध्यापनरत शिक्षकहरूको सेवा शर्त र सुविधा सम्बन्धि निर्देशिका निर्माण गरी लागू गर्नुपर्ने ।

९) प्राविधिक धार सञ्चालनमा आएका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई आवश्यक दरबन्दी सिर्जना गरी स्थायी गर्नु गर्ने ।

१०) सावित उ.मा.वि तहमा कार्यरत शिक्षकहरूको पेशागत सुरक्षा र वृत्ति विकासका लागि विगतमा भएका सम्झौताहरूलाई संस्थागतरुपमा अबिलम्ब कार्यान्वयन गर्नुपर्ने ।

११) सावितको सामुदायिक उच्च माध्यमिक तह कक्षा ११ र १२ मा कार्यरत शिक्षकहरूको अस्थायी सेवा अवधि गणना प्रयोजनको लागि विद्यालय तथा जिल्ला विकास तथा समन्वय इकाईबाट सेवाप्रमाणितको अध्यावधिक गर्नुपर्ने ।

.....
राजु निउरे
सचिव

.....
महेन्द्र कँडेल
अध्यक्ष